# गुर्भाकोट नगरपालिका संस्था दर्ता ऐन २०७५

**नगर सभाबाट पारित २०७५/१०/१३**

**प्रस्तावना :** सामाजिक,धार्मिक,साहित्यिक,सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, शारिरीक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यस्था गर्न वान्छनीय देखिएकोले, नेपालको संविधानको धारा २९९ को उपधारा (२) बमोजिम गुर्भाकोट नगर कार्यपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षित नाम र प्रारम्भ :**

**क.** यस ऐनको नाम " गुर्भाकोट नगरपालिका संस्था ऐन २०७५" रहेको छ ।

**ख.** यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. " नगरपालिका " भन्नाले गुर्भाकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

ख. " संस्था " भन्नाले सामाजिक,धार्मिक,साहित्यिक,सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारिरीक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरु विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संस्था, संघ, क्लब, मण्डल, उपभोक्ता समिति, परिषद, अध्ययन केन्द्र आदि सम्झनुपर्दछ र सो शब्दले मैत्री संघ समेतलाई जनाउछ ।

ग. "प्रमुख " भन्नाले गुर्भाकोट नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

ङ. " प्रवन्ध समिति " भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ ।

च. " तोकिएको " तोकिए बमोजिम " भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

**३.** दर्ता नगरी संस्था खोल्न नहुने : यस ऐन बमोजिम दर्ता नगरी नगरपालिका भित्र कसैले पनि संस्था स्थापना गर्नु हुँदैन ।

४. सस्था दर्ता :- (१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तीहरुले देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्दछ :-

क. संस्थाको नाम,

ख. संस्थाका उद्देश्यहरु

ग. प्रबन्ध पत्र

घ. समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

ङ. आर्थिक श्रोत,

च. कार्यालयको ठेगाना

छ. सम्बन्धित वडाको सिफरिस

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले समितिमा रहने व्यक्तिहरुको चालचलन ठिक भएको प्रहरी प्रतिवेदन समेत माग गरी आवश्यक जाँच बुझगरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्ता निर्णय उपर नगर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुर प्राप्त भएपछि नगर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) नगर क्षेत्र भित्र व्यापार व्यसाय संचालन गर्ने संस्थाको हकमा यस ऐन बमोजिम दर्ता गरिने छैन।

(६) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा, अवधि, नविकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संस्था दर्ता नहुने** : (१) देहायको अवस्थामा नगरपालिकामा संस्था दर्ता गर्न बाध्य हुने छैन :

क. नेपालको धार्मिक, सांस्कृतिक, साम्प्रदायिक सदभावमा आँच आउने, देशको सार्वभौमसत्ता, अखण्डतामा खलल पर्ने, व्यक्तिगत लाभ निर्देशित उद्देश्यले विधानमा राखेमा त्यस्तो संस्था दर्ता गरिने छैन।

ख. नाफा मूलक उद्देश्य भएको संस्था,

**६. संगठित संस्था मानिने** : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तरधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पती प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ । तर सरकारी निकायको बजेट कार्यान्वयन गर्न दर्ता हुने उपभोक्ता समितिको हकमा यो दफा लागु हुनेछैन ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछन र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान बिरुद्ध संस्थाको कुनै पनि सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का गरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट संस्थालाई लिई फिर्ता बुझाईदिन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारबाहीमा चित्त नबुझे व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध, विराम गरेमा संस्था, संस्थाको कुनै प्रमुख वा सदस्यलाई नगरपालिकाले प्रचलित कानुन बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ ।

८. **अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नु पर्ने :** (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भईरहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र यो ऐन बमोजिम नगरपालिकामा अभिलेख दर्ता गर्नु पर्नेछ ।

९. **संस्थाका उद्देश्यहरु हेरफेर :** (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखिएमा, वा संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखिएमा सम्बन्धित संस्थाहरुको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(२) विशेष साधारण सभामा उपस्थित भएका जम्मा सदस्यहरुको दुईतिहाई सदस्यले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव विशेष साधारण सभाबाट पारित भएको मानिनेछ । तर यो प्रस्ताव लागु गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१०. **हिसावको विवरण पठाउनु पर्ने :** प्रबन्ध समितले आफ्नो संस्थाको हिसावको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष नगरपालिकामा पठाउनु पर्नेछ ।

११. **हिसाव जाँच गर्ने** : (१) नगरपालिकाले आवश्यक देखेमा संस्थाको हिसाव आफुले नियुक्त गरेको अधिकृतद्वारा जाँच गराउन सक्नेछन ।

(२) उपदाफा (१) बमोजिम हिसाव जाँच गराएबापत प्रमुख प्रशासकीय अधिकृतले हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको तीन प्रतिशतमा नबढाई निर्धारित गरेको दस्तुर असूल गरी नगरपालिकामा दाखिला गराउन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिएको म्याद भित्र हिसाव जाँचेको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारी बाट हानी सो नोक्सानी असूल गर्न प्रचलित कानुन बममोजिम कारवाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

१२. **निर्देशन दिने** : नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१३. **दण्ड सजाय :** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ८ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्धक समितिका सदस्यहरुलाई नगर प्रमुखले जनही दुई हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा १० बमोजिम हिसावको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्हरुलाई नगर प्रमुखले जनही ५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा १० उल्लंघन हुन निदन प्रयत्न गरेको थियो भन्ने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा ११ को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित आधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगर प्रमुखले पाँच सय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (९) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृती नलिई संस्थाको उद्देश्य हेरफेर गरेमा वा अर्को संस्था संग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुनेगरी काम कारबाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्था दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

१४. **पुनराबेदन** : दफा १३ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतीस दिन भित्र नगर कार्यपालिकामा पुनराबेदन लाग्नेछ ।

१५. **संस्थाको विघटन वा त्यस्को परिणाम** :(१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणबस संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाका जायजेथाले खामे सम्म त्यस्तो दायित्व नागरपालिकाले व्यहोर्नेछ ।

१६. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्यवन गर्न नगरपालिकाले निमय बनाउन सक्नेछ ।

१७. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्ने** : कुनै संस्थको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएका त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१८. **खारेजी वा बचाउ** : संस्था दर्ता ऐन २०३४, अन्तर्गत दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ । सो को अभिलेखिकरण अनिवार्य नगरपालिकामा गराउनु पर्नेछ ।